स्थानीय राजपत्र

हरिनास गाउँपालिकाद्धारा प्रकाशित

खण्ड ८ ) चित्रेभञ्ज्याङ्, स्याङ्जा ,२०८१ (सख्या-२)

भाग -२

हरिनास गाउँपालिका
चित्रेभञ्ज्याङ् ,स्याङ्जा ,गण्डकी प्रदेश,नेपाल

हरिनास गाउँपालिका गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको

हरिनास गाउँपालिका एकल पुरुष भत्ता वितरण सम्बन्धी कार्यविधि, २०८१

सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# हरिनास गाउँपालिका एकल पुरुष भत्ता वितरण सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावनाः** हरिनास गाउँपालिका भित्र रहेका एकल पुरुष नागरिकको सुरक्षा र लैङ्गिक समानता सुनिश्चित गर्ने उद्देश्यले हरिनास गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ को अधिकार प्रयोग गरी हरिनास गाउँ कार्यपालिकाबाट यो कार्यविधि तयार गरी जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** १) यस कार्यविधिको नाम एकल पुरुष भत्ता वितरण सम्बन्धी कार्यविधि, २०८१ रहेको छ ।

२) यो कार्यविधि हरिनास गाउँपालिकाको बैठकले पारित गरे पश्चात लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. “एकल पुरुष" भन्नाले अविवाहित वा आफ्नो पत्नीको मृत्यु पश्चात अर्को विवाह नगरी बसेका पुरुषलाई सम्झनुपर्दछ ।

ख. “गाउँपालिका" भन्नाले हरिनास गाउँपालिका सम्झनुपर्दछ ।

ग. “कार्यालय" भन्नाले हरिनास गाउँपालिका कार्यालय सम्झनुपर्दछ ।

घ. “वडा कार्यालय" भन्नाले गाउँपालिका अन्तर्गतका सम्पूर्ण वडा कार्यालयलाई सम्झनुपर्दछ ।

ङ. “भत्ता" भन्नाले दफा ३ बमोजिमको रकम सम्झनुपर्दछ ।

**३. एकल पुरुष भत्ता पाउनेः** १) देहाय बमोजिमका नागरिक मात्र एकल पुरुष भत्ता पाउन योग्य हुनेछः

क. नेपाली नागरिक,

ख. हरिनास गाउँपालिका भित्र स्थायी बसोबास गर्ने,

ग. पत्नीको मृत्यु भई अर्को विवाह नगरी बसेका,

घ. अदालतबाट सम्बन्ध विच्छेद भएको,

ङ. उमेर ६० वर्ष पूरा भई संघीय कानुन अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीमा सुचिकृत नहुँदासम्म,

च. सम्बन्धित टोलबाट अविवाहित रहेको भनी टोल मुचुल्का साथै सम्बन्धित वडा कार्यालयबाट अविवाहित भनी प्रमाणित गरेको कागजात ।

**४. एकल पुरुष भत्ता नपाउनेः** दफा ३ बमोजिम योग्यता पुगेका भए तापनि देहाय बमोजिमको नागरिकले यस कार्यविधि बमोजिमको एकल पुरुष भत्ता पाउने छैनः

क. कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्त, निर्वाचित, मनोनित भएका व्यक्ति,

ख. सरकारी कोषबाट मासिक निवृत्तभरण पाइरहेका व्यक्ति,

ग. विदेशी राष्ट्र वा संघ संस्थाबाट मासिक निवृतिभरण पाइरहेका व्यक्ति,

घ. प्रचलित कानून बमोजिम अन्य सामाजिक सुरक्षा भत्ता लिई रहेका नागरिक वा लिने नागरिक ।

**५. भत्ता रकम र वितरणः** १) एकल पुरुषले मासिक १०००।— का दरले भत्ता पाउनेछ ।

२) उपदफा (१) बमोजिमको भत्ता कुमारी बैंक लि.को हरिनास शाखाबाट निज व्यक्तिको खातामा जम्मा गरिनेछ ।

**६. निवेदन दिनु पर्नेः** १) दफा (३) बमोजिमको भत्ता पाउने नागरिकले सम्बन्धित वडा कार्यालयमा अनुसूची (१) बमोजिमको निवेदन दिनुपर्नेछ ।

२) उपदफा (१) बमोजिमको निवेदन साथ देहायको कागजात निवेदकले प्रमाणित गरी संलग्न गर्नुपर्नेछ ।

क. नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

ख. हरिनास गाउँपालिका भित्र स्थायी बसोबास कागजपत्रको प्रमाण,

ख. पत्नीको मृत्य दर्ता प्रमाणपत्रको प्रतिलिपि,

घ. अदालतबाट सम्बन्ध विच्छेद भएको प्रमाणपत्रको प्रतिलिपि,

ङ. सम्बन्धित टोलबाट अविवाहित रहेको भनी टोल मुचुल्का साथै सम्बन्धित वडा कार्यालयबाट अविवाहित भनी प्रमाणित गरेको कागजात।

**७. परिचयपत्रः** १) यस कार्यविधि बमोजिम एकल पुरुष भत्ता पाउने नागरिकलाई गाउँपालिकाले अनुसूची—२ बमोजिम परिचयपत्र दिनुपर्नेछ ।

२) उपदफा (१) बमोजिम परिचयपत्र नलिएका नागरिकले एकल पुरुष भत्ता पाउने छैन।

३) उपदफा (१) बमोजिम प्राप्त भएको परिचयपत्र हराएमा वा प्रयोग गर्न नमिल्ने भएमा रु.१००।— प्रतिलिपि दस्तुर संलग्न गरी कार्यालयमा अनुसूची—३ बमोजिमको निवेदन दिई प्रतिलिपि लिन सकिनेछ ।

८. **अभिलेख राख्नु पर्नेः** १) गाउँपालिकाले यस कार्यविधि बमोजिम एकल पुरुष भत्ता पाउने नागरिकको विवरण र वितरण गरिएको एकल पुरुष भत्ताको अभिलेख अनुसूची—४ बमोजिम राख्नु पर्नेछ ।

२) वडा कार्यालयले दफा ६ बमोजिम परेको निवेदनको अभिलेख अनुसूची—५ बमोजिम राख्नुपर्नेछ ।

९. **अभिलेखबाट नाम हटाउनेः** १) गाउँपालिकाले देहायको अवस्थामा एकल पुरुष भत्ता पाउने नागरिकको नाम अभिलेखबाट हटाउनेछः

क. एकल पुरुषले विवाह गरेमा,

ख. बसाइ सरी अन्यत्र गएमा,

ग. प्रचलित कानून बमोजिम अन्य सामाजिक सुरक्षा भत्ता पाउने भएमा,

घ. कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्ति, निर्वाचित वा मनोनित भएमा,

ङ. निज व्यक्तिले एकल पुरुष भत्ता नलिने भनी कार्यालयमा निवेदन पेश गरेमा र

च. निजको मृत्यु भएमा ।

१०. **नवीकरणः** १) यस कार्यविधि बमोजिम एकल पुरुष भत्ता प्राप्त गर्ने व्यक्तिले प्रत्येक आ.व. को पहिलो महिना कार्यालय समक्ष अनुसूची (६) बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

२) उपदफा (१) बमोजिमको निवेदन साथ देहायको कागजात पेश गर्नुपर्नेछः

क. एकल पुरुष परिचयपत्रको प्रतिलिपि,

ख. पत्नीको मृत्यु वा सम्बन्ध विच्छेद भएको हकमा अर्को विवाह नगरेको वडा कार्यालयको सिफारिस,

ग. अविवाहितको हकमा हाल सम्म अविवाहित रहेको वडा कार्यालयको सिफारिस,

घ. प्रत्येक आ.व. मा नवीकरण गर्न स्वयं उपस्थित हुनुपर्नेछ ।

११. **कसुर र सजायः** १) कसैले देहायको कार्य गरेमा यस कार्यविधि बमोजिम कसुर गरेको मानिनेछः

क. विवरण ढाँटी एकल पुरुष भत्ता लिएमा

२) कसैले उपदफा (१) को खण्ड (क) बमोजिमको कसुर गरेमा त्यस्तो कसुर गर्ने व्यक्तिले लिएको रकम असुल गरी निजलाई बिगो बराबरको जरिवाना हुनेछ ।

१२. **अनुगमन सम्बन्धी व्यवस्थाः** १) एकल पुरुष भत्ता पाउने व्यक्तिको अभिलेख व्यवस्थापन तथा भत्ता वितरणको अनुगमन उपाध्यक्ष वा निजले तोकेको गाउँपालिकाका कुनै सदस्य वा कर्मचारीले गर्नेछ ।

**१३. प्रतिवेदन दिनु पर्नेः** १) एकल पुरुष भत्ता वितरण गरेको विवरण गाउँपालिका कार्यालयले त्रैमासिक रुपमा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

**१४. संशोधनः** १) गाउँ कार्यपालिकाको बैठकको निर्णयले यो कार्यविधि संशोधन गर्न सक्नेछ ।

**१५. बाधा अड्काउ फुकाउनेः** १) यस कार्यविधि कार्यान्वयन गर्दा कुनै बाधा परेमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाई कार्यान्वयन गर्न सक्नेछ ।

**१६. बचाउः** १) यस कार्यविधि लागू हुनु भन्दा अगावै कुनै निवेदन सम्बन्धित वडा कार्यलयमा परिसकेको भए यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

अनुसूची–१

(दफा ६ को उपदफा १ सँग सम्बन्धित)

नाम दर्ताको लागि दिने निवेदनको ढाँचा

मितिः .......................

श्री अध्यक्ष ज्यू

......नं. वडा कार्यालय

हरिनास गाउँपालिका, स्याङ्जा

विषयः नाम दर्ता गर्ने सम्बन्धमा ।

म निवेदक एकल पुरुष भत्ता वितरण सम्बन्धी कार्यविधि, २०८१ को दफा ३ बमोजिम भत्ता पाउनका लागि योग्य भएकोले नयाँ नाम दर्ता गरी दिनु हुन देहायको विवरण सहित यो निवेदन पेश गरेको छु ।

**व्यक्तिगत विवरणः**

नामथरः.............................................

बाबुको नामथरः...................................

आमाको नामथरः............................

बाजेको नामथरः.................................

जन्ममिति (वि.स.) ............................................

स्थायी ठेगानाः ............................................

ना.प्र.नं. ................................ जारी जिल्लाः..................... जारी मितिः..................

**संलग्न कागजातः**

क. नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

ख. हरिनास गाउँपालिका भित्र स्थायी बसोबास कागजपत्रको प्रमाण,

ख. पत्नीको मृत्य दर्ता प्रमाणपत्रको प्रतिलिपि,

घ. अदालतबाट सम्बन्ध विच्छेद भएको प्रमाणपत्रको प्रतिलिपि,

ङ. सम्बन्धित वडा कार्यालयले अविवाहित भनी प्रमाणित गरेको प्रमाणपत्रको प्रतिलिपि,

च. फोटो २ प्रति ।

मैले राज्यकोषबाट कुनै पारिश्रमिक, निवृत्तभरण, सामाजिक सुरक्षा भत्ता वा यस्तै प्रकारका कुनै अन्य सुविधा पाएको छैन । उल्लिखित व्यहोरा ठीक साँचो हो, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकः

हस्ताक्षर

**सम्बन्धित वडा कार्यालयले भर्नेः**

दर्ता नं. ............................ निवेदन रुजु गर्नेको नामथर र पदः

दर्ता मितिः........................... सहीः...........................

अनुसूची—२

दफा ७ को उपदफा १ सँग सम्बन्धित

परिचयपत्रको नमूना

हरिनास गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

गण्डकी प्रदेश, नेपाल

एकल पुरुष परिचयपत्र

फोटो

परिचयपत्र नं........

नाम थरः................................

नागरिकता प्रमाणपत्र नं. ........................

ठेगानाः जिल्लाः स्याङ्जा गाउँपालिकाः हरिनास

वडा नं. ........ टोल/गाउँ................

जन्ममितिः ........................

बाबुको नामथरः........................

प्रमाणित गर्ने अधिकारी

दस्तखतः

नामथरः

पदः

अनुसूची—३

(दफा ७ को उपदफा ३ सँग सम्बन्धित)

प्रतिलिपि पाउँ भनी दिने निवेदनको ढाँचा

मितिः.............................

श्री कार्यालय प्रमुख ज्यू,

हरिनास गाउँ कार्यपालिकाको कार्यालय

चित्रेभन्ज्याङ् स्याङ्जा ।

विषयः प्रतिलिपि पाउँ भन्ने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा म निवेदकको एकल पुरुष परिचयपत्र हराएको प्रयोग गर्न/नमिल्ने भएको हुनाले एकल पुरुष भत्ता वितरण सम्बन्धी कार्यविधिको दफा ७ को उपदफा ३ बमोजिम प्रतिलिपि दस्तुर रसिद निवेदन साथै संलग्न राखी एकल पुरुष परिचयपत्रको प्रतिलिपि पाउँ भनी यो निवेदन पेश गर्दछु ।

संलग्न कागजातः

१. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

२. एकल पुरुष परिचयपत्रको प्रतिलिपि

३. फोटो १ प्रति

निवेदकः

नामथरः...........................

ठेगानाः.............................

सम्पर्क नं. .......................

अनुसूची—४

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

एकल पुरुष भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको अभिलेख

हरिनास गाउँपालिका आ.व. ...............

| क्र.स. | प.प.नं. | नामथर | जन्ममिति | ना.प्र.नं. | वडा नं. | फोटो |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

अनुसूची ५

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

एकल पुरुष भत्ता सम्बन्धी निवेदनको अभिलेख

हरिनास गाउँपालिका वडा नं…………………… आ.व. ……………………

| क्र.स. | दर्ता नं. | निवेदकको नामथर | दर्ता मिति | जन्ममिति | ना.प्र.न. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

अनुसूची ६

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

नवीकरणको निवेदनको ढाँचा

मितिः......................

श्री प्रमुख प्रशाकीय अधिकृत ज्यू

हरिनास गाउँ कार्यपालिकाको कार्यालय

चित्रेभञ्ज्याङ् स्याङ्जा ।

विषयः नवीकरण गरिपाउँ भन्ने बारे ।

उपरोक्त सम्बन्धमा म निवेदक एकल पुरुष परिचयपत्र नं. ......... ले एकल पुरुष भत्ता सम्बन्धी कार्यविधि २०८१ बमोजिम एकल पुरुष भत्ता प्राप्त गरिरहेको र आ.व......... को लागि ऐ कार्यविधिको दफा १० को उपदफा २ बमोजिमको कागजात संलग्न राखी एकल पुरुष भत्ताको लाभग्राहीको सूचीमा मेरो नाम नवीकरण गराइपाउँ भनी यो निवेदन पेश गर्दछु ।

संलग्न कागजातः

१. एकल पुरुष परिचयपत्रको प्रतिलिपि

२. अर्को विवाह नगरेको वडाको सिफारिस

३. अविवाहितको हकमा अविवाहित रहेको खुलाइएको वडा सिफारिस

निवेदकः

नामथर.........................

ठेगाना..........................

सम्पर्क नं. ...................

आज्ञाले,

शिव कुमार पौडेल

प्रमुख प्रशासकीय अधिकृत